# बेलायतमा शाान्तिका लागि स्वर्णीम सन्ध्या भव्यताका साथ सम्पन्न




बेलायतमा स्थापित तीन विभिन्न नेपाली संस्थाहरु यू.के. शेर्पा किदुग, ह्योल्मो समाज यू.के. तथा तामाङ्ग समाज यू.के. को संयुक्त आयोजनामा “विश्व शान्तिको भावना, हामी सबैको चाहना” भन्ने मूल नारा लिई विश्व शान्तिको कामना गर्दै विविध सांस्कृतिक तथा सामूहिक नाचगान कार्यक्रम “शाान्तिका लागि स्वर्णीम सन्ध्या” भव्यताका साथ सम्पन्न भएको छ । गत जून २१ तारिख २००९ मा अलपर्टन कम्युनिटी हल, बेम्बलीमा सम्मन्न कार्यक्रम बेलायतमा स्थापित बुद्धिस्ट कम्युनिटी सेन्टरको सहयोगार्थ तथा बेलायत मा भएका विभिन्न संस्थाहरुको संस्थागत मेलमिलाप र सहचार्य सम्बन्धि सन्देशमुलक उद्धेश्यका साथ सम्पन्न भएको थियो ।

तीन भागमा विभाजित सो कार्यक्रमको पहिलो चरणमा प्रमुख अतिथि बेलायतका लागि नेपालका कार्यवाहक राजदूत श्री झविन्द्र प्र. अर्याल द्वारा बुद्धको थान्का अगाडि द्वीप 'छेमी' प्रज्वलन गरी सो शान्ति सन्देश बाहक कार्यक्रमको उद्‌घाटन गरिएको थियो । उहाँले कार्यक्रम सफलताको शुभकामना दिंदै नेपाल लगायत विश्वमा शान्ति आवश्यक छ भन्दै शान्ति स्थापना गर्न यस कार्यक्रमले योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।




कार्यक्रमका संयोजक श्री आङ कल्जङ लामाले स्वागत मन्तब्यमा सो कार्यक्रम तथा बुद्धिस्ट कम्युनिटी सेन्टर बारे प्रकाश पार्नु भएको थियो । नेपाल पर्यटन बोर्डका बेलायतका लागि मानार्थ प्रतिनिधि श्री ध्रुब के.सी. ले एक जना पर्यटक नेपाल पठाउन सके नेपालमा १० जना नेपालीको जिविका चल्न सक्छ भन्दै सक्दो विदेशी साथीहरुलाई पर्यटकको रुपमा नेपाल पठाउन आग्रह गर्नु भयो भने तमुधी यूकेका अध्यक्ष श्री सुभाषसिं गुरुङ्गले कार्यक्रमको सफलताको कामना गर्दै विदेशमा रहेता पनि आ–आफनो संस्कृति जगेर्न गर्नु पर्ने आवश्यकतामा जोड दिनु भयो । त्सैगरी उक्त कार्यक्रम भब्यरुपमा सम्पन्न गराउन सहयोग पुऱ्याउने नोर्थवेस्ट लण्डन कलेज, नमस्ते एक्सप्रेस केटरीङ, कान्तिपुर सर्भिसेस लिमिटेड, डि.के. एकाउन्टेन्सी र नेपाली सन्देश/ड्युक कोर्ट ट्राभलका प्रतिनिधिहरुलाई तीनै आयोजक

संस्थाका अध्यक्षहरुको उपस्थितिमा प्रमुख अतिथि कार्यवाहक राजदूत श्री भविन्द्र प्र. अर्याल द्वारा धन्यवाद स्वरुप खादा अर्पण गरिएको थियो । तामाङ्ग समाजका अध्यक्ष श्री कमानसिं तामाङ्ग द्वारा प्रत्यक्ष अप्रत्यक्ष रुपमा कार्यक्रम सम्पन्न गर्नमा सहयोग गर्ने सम्पूर्ण संघ संस्था, व्यक्तिहरु तथा सांस्कृतिक कार्यक्रमका कलाकारहरु एवं कार्यक्रमका सह–प्रायोजकहरु सम्पूर्ण प्रति आयोजक संस्थाहरुका तर्फबाट आभार व्यक्त गर्दै हार्दिक धन्यवाद ज्ञापन गरिएको थियो ।




सांस्कृतिक सत्रमा तीनै आयोजक संस्थाहरुका तर्फबाट आ–आफ्नो संस्कृति भल्किने मौलिक नाच प्रस्तुत गरिएको थियो भने साथै विदेशमा भएका सम्पूर्ण नेपालीहरु प्रति समर्पित तथा शान्तिको कामना गर्दै नेपाली गीतमा पनि नाच प्रस्तुत् गरिएको थियो । कार्यक्रममा छोटी शेर्पा, जङमु शेर्पा, आङ माया लामा, पासी शेर्पा, कर्मा छिरिङ शेर्पा र सोन ल्हाक्पा लामाले शेर्पा नाच (श्याब्रु) प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी तामाङ्ग नाच कर्मा बोम्जन, दामी तामाङ्ग, अनु तामाङ्ग, देवी तामाङ्ग, मीना तामाङ्ग र रेनु वाइबाले प्रस्तुत गर्नु भएको थियो भने लामा पेमा ह्योल्मो, कर्मा ह्योल्मो, रेन्जेन ह्योल्मो, दोर्जे डन्दुल ह्योल्मो, पासाङ ह्योल्मो, छिमी ह्योल्मो, डिमा ह्योल्मो र कामी ह्योल्मोले ह्योल्मो नाच (श्याब्रु) प्रस्तुत गर्नु भएको थियो । नेपाली नाच भने अतिथि कलाकारहरु परी आलेमगर र सुशिला पुनले प्रस्तुत गर्नु भएको थियो ।

उक्त कार्यक्रममा राफल चिट्ठा पनि खेलाएको थियो र चिट्ठाका उपहार नेपाली सन्देश/ड्युक कोर्ट ट्राभल्स मार्फत प्राप्त १५० पाउण्डको भौचर जित्ने भाग्यशाली भिजेता श्रीमति सानो माया लामालाई  ह्योल्मो समाज यू.के. का अध्यक्ष श्री सानो डन्दुल लामाले उक्त उपहार हस्तान्तरण गर्नु भएको थियो।



कार्यक्रमको तेश्रो तथा अन्तिम सत्रमा भने विभिन्न नेपाली तथा अन्य गीत संगीतको तालमा सामूहिक नाचगान गरी भरपूर्ण मनोरञ्जन लिइएको थियो।

सम्पूर्ण कार्यक्रम श्रीमति पेमा लामा ह्योल्मोबाट निकै प्रभावकारी ढंगबाट सञ्चालन भई सम्पन्न भएको  थियो।

ल्हाटुल लामा

२७ जून २००९